नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक

☎ ०११-४९०१२३, ०११-४९०३२०, ०११-४९०२२३
Email: daokavre@gmail.com
daokavreprashasan@gmail.com

प.सं.-२०८२/०८३ मिति:- २०८३/०२/२६

च.नं. ६८८८ ने.स. ११४६

विषयः E-Passport को Online Registration सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट विगत केही समयदेखि E-passport सम्बन्धी फाराम कार्यालयभित्रबाटै भर्ने व्यवस्था भएकोमा कतिपय सेवाग्राहीहरुबाट Online फाराम भर्ने मौका नपाएको भन्ने गुनासो समेत आएको हुँदा मिति २०८३।०२।२५ गतेबाट पर्याप्त मात्रामा E-Passport को Online Registration खुला गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ। राहदानी बनाउनका लागि मिति र समय लिएका सेवाग्राहीहरु तोकिएको समयमा नै सेवा लिन कार्यालयमा उपस्थित भइदिनु हुन साथै सेवा प्रवाह सम्बन्धी अन्य जानकारी निम्नानुसार रहेको व्यहोरा जानकारी गराईन्छ।

निम्नः

- E-passport को लागि emrtds.nepalpassport.gov.np मा Online फाराम भर्न सकिनेछ।
- E-Passport को Online फाराम भर्ने फोटो स्टुडियो, कम्प्युटर इस्टिच्यूट, स्टेशनरी तथा संस्थाहरुले फाराम भरेको शूल्क लिएपश्चात सोको प्रमाण/नगदी रसिद समेत सेवाग्राहीलाई अनिवार्य रुपमा दिनुहुन र सेवाग्राहीले समेत आफुले तिरेको रकमको विल लिनुहुन जानकारी गराईन्छ।
- आफैले फाराम भर्न नसक्ने सेवाग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा आई निःशुल्क फाराम भर्ने सुविधा पूर्ववत रुपमा लिन सक्नु हुनेछ।
- सेवा प्रदायकहरुले सेवा प्रदान गर्दा सेवाग्राहीबाट कुनै गुनासाहरु आएमा सो सम्बन्धमा सत्यतथ्य बुझी कानून बमोजिम कारवाही समेत हुने व्यहोरा जानकारी गराईन्छ।

२०८३।०२।२६

(सुनिता थापा)
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

नगरकार्यपालिकाको कार्यालय
दर्ता मिति: २०८३।२।२६
दर्ता नं: ४४४२